सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## ***कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु***

***मिति २०७७/१/१० गते***



आज गण्डकी प्रदेश सरकारका भौतिक पुर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्युले स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्मा संग भेट गरि कोभिड -१९ डेडीकेटेड अस्पताल र, त्यहाँस्थित डीक्यान्टिंग अवस्था, स्वास्थ्य निर्देशनालयमा भैरहेको निर्माणकार्यको प्रगति लगायतका विषयमा चासो राख्नुभएको थियो। उक्त अवसरमा माननीय मन्त्रीज्यूले यस आर्थिक वर्षमा पुरा हुन नसकेको कार्यका लागि आगामी वर्ष बजेट बिनियोजन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।



आज स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले गण्डकी प्रदेशका ११ वटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख संग भिडियो कन्फ्रेन्स मार्फत छलफल गर्नुभयो । उक्त छलफल कार्यक्रममा निर्देशकज्यूले जिल्लास्तरमा संचालन भैरहेको कोभिड - १९ सम्बन्धि गतिविधिहरुको जानकारी लिनुका साथै आवश्यक सल्लाह र निर्देशन प्रदान गर्नुभयो । कन्फ्रेन्समा PCR परीक्षणका लागि जिल्लाहरुबाट भएको नमुना संकलन, RDT परीक्षण, एम्बुलेन्स पार्टेसन, मौज्दात स्रोत तथा सामाग्री आदिको बारेमा जानकारी लिनुभएको थियो।

विभिन्न जिल्लामा ICU सेवा विस्तार गर्नका लागि दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको आयोजनामा आगामी हप्ता शुरु हुन गैरहेको प्रशिक्षणको लागि गण्डकी प्रदेश अन्तर्गतका जिल्ला अस्पतालहरुबाट चिकित्सक र नर्सहरुको पहिचान गरि रोष्टर बानाउने काम सम्पन्न भएको छ।

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।
क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।
ख) आफु बस्ने कोठा आफै सफा गर्ने।
ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।
घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।
ड.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख १० गते (४ बजे सम्म ) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 12 | 401 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 662 | 157 | 152 | 0 | 5 |
| स्यांग्जा | 22 | 388 | 37 | 52 | - | 46191 | 15 | - | 601 | 506 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 31 | 178 | 1 | 550 | 6 | 217 | 42 | 1 | 802 | 560 | 16 | 16 | 0 | 0 |
| लमजुङ | 73 | 1000 | 37 | 24 | 4 | 812 | 5 | - | 188 | 204 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 461 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 21 | 185 | - | 326 | 20 | 0 | 316 | 347 | 71 | 71 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 154 | 15 | 14 | 0 | 1 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 811 | - | 16595 | 16 | 1 | 836 | 1106 | 67 | 63 | 2 | 2 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 498 | 45 | 45 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 2 | 0 | 5 | 53 | 7 | - | 3 | 21 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 36 | - | - | - | - |
| **जम्मा** | 285 | 3964 | 230 | 2050 | 95 | 64906 | 283 | 2 | 4611 | 4555 | 537 | 527 | 2 | 8 |



नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**